## विदेह नगरपालिका

# स्थानीय राजपत्र

खण्ड-४ संख्या-१ मिति २०७९/६/२७

## भाग-२

## विद्यालय अनुदान व्यवस्थापन कार्यविधि २०७८

**प्रस्तावना** : सामुदायिक विद्यालयमा विदेह नगरपालिका, तिनकौरिया धनुषाबाट उपलब्ध हुने अनुदानको आधार तय गर्न अनुदानको उच्चतम उपयोगमा सघाउ पुर्याउन तथा विद्यालयहरुको सुशासन पारदर्शिता तथा व्यवस्थापनमा सुधार ल्याई गुणस्तरीय शिक्षाको प्रत्याभुतिको लागि सहजीकरण गर्न आवश्यक देखिएकाले यस विदेह नगरपालिकाले विदेह नगरपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्न वनेको ऐन २०७७ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यबिधि बनाइएको छ ।

### परिच्छेद – १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यबिधिको नाम "विद्यालय अनुदान व्यवस्थापन कार्यबिधि २०७९" रहेको छ ।

(२) यो कार्यबिधि विदेह नगरपालिकामा सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुमा लागु हुने गरी तुरन्त प्रारम्भ हुने छ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यबिधिमा,

(१) "ससर्त अनुदान" भन्नाले विद्यालयहरुलाइ दिइने शिक्षक तलब भत्ता विद्यालय कर्मचारीहरुको तलब भत्ता निशूल्क पाठ्यपुस्तक विद्यालय व्यवस्थापन खर्च तथा छात्रवृति लाई समभनु पर्दछ। साथै विद्यालयहरुको पर्वाधार विकासका लागि सिर्षक



CS CamScanner

तोकि समय समयमा प्राप्त हुने अनुदान समेतलाइ जनाउने छ।

(२) "एकमुष्ठ अनुदान" भन्नाले हाल सम्म कनै पनि स्वीकृत शिक्षक दरबन्दी राहत शिक्षक अनुदान प्राप्त नगरेका विद्यालयलाइ प्राप्त हुने अनुदानलाई सम्झनु पर्दछ। साथै यसले विद्यालयको समग्रपक्षको विकासका लागि प्रचलित कानुनको परिधिभित्र रहि विद्यालय व्यवस्थापन समितिले अध्यावधिक विद्यालय सुधार योजनाका आधारमा आफै प्राथमिकता निर्धारण गरी खर्च गर्न सक्नेगरी विद्यालय लाइ प्राप्त हुने अनुदान समेतलाई जनाउदछ।

(३) "कार्यसम्पादन अनुदान" भन्नाले विद्यालयले हांसिल गरेको उपलब्धिको आधारमा विद्यालयको थप क्षमता अभिवृद्धि गर्न ससर्त आधारभुत अनुदान एकमुष्ठ अनुदान अतिरिक्त दिइने थप अनुदानलाई जनाउने छ।

(४) "विज्ञान विषय सञ्चालन गर्ने विद्यालयलाइ अनुदान" भन्नाले कक्षा ११ र १२ मा विज्ञान विषयको अध्ययापन गराउने सामुदायिक विद्यालयलाइ अन्य अनुदान अतिरिक्त दिइने थप अनुदानलाई जनाउदछ।

(५) "प्राबिधिक तथा व्यवसायिक माध्यमिक विद्यालय सञ्चाललन गर्ने विद्यालयलाइ अनुदान" भन्नाले कक्षा ९ देखि प्राविधिक तथा व्यवसायिक विषयको अध्यापन गराउने सामुदायिक माध्यमिक विद्यालय लाइ दिइने थप अनुदानलाई जनाउदछ।

(६) "ऐन" भन्नाले शिक्षा ऐन २०२८ (संसोधन सहित) लाई सम्झनु पर्दछ।

(७) "नियमावली" भन्नाले शिक्षा नियमावली २०५९ (संसोधन सहित) लाई जनाउनेछ।

(८) "मन्त्रालय" भन्नाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई जनाउनेछ।

(९) ææ;Dk\ eGgfn]\ Iff tyfdfGj >f]t ljsf; s]Gb|लाई जनउनेछ।

(१०) "नमुना विद्यालय" भन्नाले नेपाल सरकार नमुना विद्यालय व्यवस्थापन निर्देशिका २०७४ बमोजिम छनौट, विकास तथा व्यवस्थापन भएका विद्यालयलाइ जनाउनेछ।

(११) "नगर शिक्षक" भन्नाले नगरपालिकाको आन्तरीक स्रोतबाट तलब तथा भत्त खानेरी नियुक्त भएको शिक्षक सम्झनु पर्छ।

## परिच्छेद - २

३. **कार्यविधिको उदेश्य:** यो कार्यविधि विद्यालयलाइ दिइने अनुदान लाइ व्यवस्थित गर्न तथा विद्यालयले विद्यालय सुधार योजना बनाइ कार्यान्वयन गर्ने क्रममा विद्यालय व्यवस्थापन र सहयोग गर्ने साझेदारहरुको मार्गदर्शन हुनेछ। यो कार्यबिधि जारी गर्नुका उदेश्यहरु देहाय बमोजिम छन।

३.१. उपलब्ध स्रोत र साधनको समुचित परिचालनमा विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार तथा अधिकार सम्पन्न बनाइ गुणस्तरयुक्त शैक्षिक वातावरण तयार गर्न सघाउ पर्याउने।

३.२ विद्यालय स्तरीय सुचकका आधारमा विद्यालय अनुदानलाई विद्यालयको प्रगति संग आबद्ध गर्नु ।

३.३ अनुदान पद्धतिका माध्यमबाट विद्यालयलाई सरोकारवालाहरु संग सहकार्य गरी स्वमूल्यांकन गर्न अभिप्रेरित गर्नु ।

३.४ विद्यालयले प्राप्त गर्ने अनुदानलाई अनुमानयोग्य पारदर्शी बनाउनु ।

३.५ विद्यालयमा हुने आर्थिक गतिविधिलाई पारदर्शी बनाई वित्तिय सुशासन कायम गर्नु ।

## परिच्छेद - ३
## विद्यालय अनुदानका आधारहरु

४ **विद्यालय अनुदान:** विद्यालयलाई दिइने अनुदान देहाय कमोजिमका हुनेछन ।

४.१ **ससर्त अनुदान:-** स्वीकृत दरबन्दीमा कार्यरत शिक्षकहरु, राहत अनुदानमा कार्यरत सबै शिक्षकहरु, प्रारम्भिक वालविकास शिक्षकहरु, विद्यालयमा कार्यरत कर्मचारीहरुको तलब भत्ता ससर्त अनुदानको रुपमा उपलब्ध हुनेछ। यसका साथै निशूल्क पाठ्यपुस्तक, विभिन्न प्रकारका छात्रवृति, विद्यालय व्यवस्थापन अनुदानतथा समय समयमा विद्यालय भौतिक सुधार सम्बन्धी कार्यक्रमका लागि ससर्त अनुदान उपलब्ध हुनेछ। विद्यालयले प्राप्त गर्ने ससर्त अनुदान सम्बन्धि विवरण तथा आधारहरु अनुसुची १ अनुसार हुनेछ ।

४.२ **एकमुष्ट अनुदान :-** सामुदायिक विद्यालयको सर्वपक्षीय विकासमा सघाउ पुर्याउन तथा विद्यालय सुधार योजना कार्यान्वयनका लागि विद्यार्थी संख्याका आधारमा विद्यालयलाई एकमुष्ट अनुदान उपलब्ध हुनेछ । नेपाल सरकारबाट कुनै पनि शिक्षक दरबन्दी तथा राहत शिक्षक अनुदान प्राप्त नगरेका विद्यालयले भविष्यमा शिक्षक दरबन्दी तथा राहत शिक्षक अनुदान प्राप्त नगरुन्जेल सम्म त्यस्ता विद्यालय सञ्चालनका लागि एकमुष्ठ अनुदान उपलब्ध गराउन सकिनेछ। साथै हालसम्म वालविकास कक्षा सञ्चालन नभएका विद्यालयले वालविकास कक्षा सञ्चालन गर्न चाहेमा त्यस्ता सामुदायिक विद्यालयलाई एकमुष्ठ अनुदान उपलब्ध गराउन सकिनेछ ।

४.२.१ **विज्ञान विषय सञ्चालन गर्ने विद्यालयलाई अनुदान:-** कक्षा ११ र १२ मा विज्ञान विषयको अध्ययापन गराउने सामुदायिक विद्यालयलाई अन्य अनुदानका अतिरिक्त थप अनुदान उपलब्ध हुनेछ ।

४.२.२ **प्राबिधिक तथा व्यवसायिक माध्यमिक विद्यालय सञ्चालन गर्ने विद्यालयलाई अनुदान:-** कक्षा ९ देखि व्यवसायिक विषयको अध्ययापन गराउने सामुदायिक माध्यमिक विद्यालयलाई अनुसुची ३ अनुसार थप अनुदान उपलब्ध हुनेछ ।

४.२.३ **नमुना विद्यालयलाई प्रवर्तनात्मक कार्य सञ्चालनका लागि अनुदान:-** नेपाल सरकारले नमुना विद्यालय भनी निर्णय गरेका विद्यालयलाई विद्यालयले पेश गरेको प्रस्तावका



CamScanner

आधारमा प्रवर्तनात्मक कार्य सञ्चालनका लागि थप अनुदान रकम उपलब्ध गराउन सकिनेछ ।

४.२.४ **एक जना मात्र शिक्षक भएका तथा बहुकक्षा बहुस्तरमा आधारित शिक्षण सिकाइ गर्ने विद्यालयलाई व्यवस्थापन अनुदान**:- एक जना मात्र शिक्षक भएका विद्यालय तथा बहुकक्षा बहुस्तरमा आधारित शिक्षण सिकाइ गर्ने विद्यालयलाई सञ्चालन व्यवस्थापनमा थप सहज बनाउन वार्षिक एकमुष्ठ अनुदान उपलब्ध गराउन सकिनेछ ।

४.२.५ **वहुभाषिक शिक्षण गर्ने विद्यालयका लागि अनुदान**:- नेपाली भाषा सहित अन्य भाषामा समेत अध्ययापन गराउने विद्यालयका लागि नियमित अनुदानका अतिरिक्त थप वार्षिक एकमुष्ठ अनुदान उपलब्ध गराउन सकिनेछ। विद्यालयले प्राप्त गर्ने उपयुक्ता अनुसार उपलब्ध गराइने एकमुष्ठ अनुदान सम्बन्धि विवरण तथा आधारहरु अनुसुची २ अनुसार हुनेछ ।

४.३ **कार्यसम्पादनमा आधारित अनुदान:** विद्यालयले सम्पादन गरेको काम र हांसिल गरेको उपलब्धिलाई थप प्रोत्साहित गरी गुणस्तरिय शिक्षा प्रवर्धनकालागि माथि उल्लेखित अनुदानका अतिरिक्त प्रोत्साहन अनुदान उपलब्ध हुनेछ। विद्यालयको कार्यसम्पादन मापन तथा अनुदान प्राप्त गर्ने आधारहरु अनुसुची ३ अनुसार हुनेछ ।

४.४ **विद्यालय मर्मत तथा सम्भार अनुदान:** विद्यालयमा रहेको भौतिक संरचनाहरु जस्तै फर्निचर, खानेपानी, सरसफाइ, प्रयोगशाला, पुस्तकालय, खेलकुद लगायत कार्यालय तथा कक्षाकोठा आदि जस्ता संरचनाहरु जिर्ण भइ सञ्चालन हुन नसकेको वा सो संरचनाहरु मर्मत सम्भार गर्नुपर्ने आवश्यकता भएको संरचनाहरलाई मर्मत सम्भार गरी सञ्चालनमा ल्याउन चाहने विद्यालयलाई विद्यालय मर्मत अनुदान उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद ४

## अनुदान प्राप्त गर्न पुरा गर्नुपर्ने शर्तहरु

५. अनुदान प्राप्त गर्न पुरा गर्नुपर्ने अनिवार्य शर्तहरु देहाय बमोजिम रहेका छन् ।

५.१ **ससर्त अनुदान तथा एकमुष्ठ अनुदान**: अनुदान प्राप्त गर्ने प्रत्येक विद्यालयले देहायका कार्यहरु अनिवार्य रुपमा गर्नुपर्ने छ ।

क) विद्यालय सुधार योजना: प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको शैक्षिकि , भौतिक , आर्थिक , तथा व्यवस्थापकिय पक्ष सुधारका कार्यक्रम समेटिएको अद्धयाबधिक विद्यालय सुधार योजना तयार गर्नुपर्ने र प्रत्येक वर्ष अध्याबधिक गर्नुपर्नेछ ।

ख) लेखा परीक्षण सामाजिक परीक्षण: प्रत्येक विद्यालयले आफ्नो हरेक वर्षको वार्षिक आर्थिक कारोवारको नियमित रुपमा लेखापरीक्षण एवम् विद्यालयको समपूर्ण वार्षिक क्रियाकलापहरुको सामाजिक परिक्षण गरी गरी प्रतिवेदन नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्ने छ। विद्यालयमा निकासा हुने अनुदान रकमलाई लेखापरीक्षण



CamScanner

तथा सामाजिक परीक्षणको प्रतिवेदन संग आबद्ध बनाइनेछ।

ग) विद्यालयको वार्षिक कार्ययोजना: विद्यालय सुधार योजनाका आधारमा प्रत्येक विद्यालयले आफ्नो लक्ष्य तथा बजेट सहितको वार्षिक कार्ययोजना तयार गर्नुपर्ने छ।

घ) प्रतिवेदन सम्प्रेसन : प्रत्येक विद्यालयले तोकिएका प्रतिवेदनहरु वार्षिक लेखापरीक्षण प्रतिवेदन, सामाजिक परीक्षण प्रतिवेदन, त्रैमासिक तथा चौमासिक प्रतिवेदनहरु तयार गरी नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्ने छ।

ङ) तथ्याङ्क व्यवस्थापन: प्रत्येक विद्यालयले हरेक शैक्षिक शत्रको सुरुमा तोकिए बमोजिम IEMIS मा विवरण अध्याबधिक गरी अनलाइन सिस्टममा अपलोड गर्नु पर्ने।

५.२ कार्यसम्पादनमा आधारित अनुदान प्राप्त गर्नका लागि अनुसुची ३ मध्ये निम्न सुचकका न्युनतम अंक प्राप्त गरेको हुनुपर्नेछ।

क) विद्यार्थीले हांसिलगरेको औसत सिकाइ उपलब्धी

ख) विद्यालयको आन्तरिक क्षमताको अवस्था।

ग) विद्यालय व्यवस्थापन समितिकव गठन।

घ) सामाजिक परीक्षण।

ङ) विद्यालय सुधार योजना तथा वार्षिक अद्यावधिकरण।

च) पाठ्यपुस्तकको उपलब्धता।

छ) लेखा परीक्षण प्रतिवेदन।

ज) त्रैमासिक/चौमासिक प्रगति प्रतिवेदन सम्प्रेसन।

झ) शिक्षकको उपस्थिति र शिक्षण सिकाइ समय परिपालन।

ञ) विद्यालयको वार्षिक शैक्षिक योजना निर्माण र कार्यान्वयन।

५.३ विद्यालय मर्मत तथा सम्भार अनुदान प्राप्त गर्न छनौटभएका विद्यालयहरुले अनुसुची ५ अनुसारको शर्त तथा सम्झौता गर्नु पर्ने छ।

## परिच्छेद - ५
## अनुदान माग र निकासा प्रकिया

६. अनुदान प्राप्त गर्ने सम्बन्धी व्यवस्था

६.१ स्वमूल्यांकन सम्बन्धि व्यवस्था

६.१.१ विद्यालयले अनुसुची १ अनुसारको ससर्त अनुदान प्राप्त गर्नको लागि विदेह नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा विवरण पेश गर्नु पर्ने छ।

६.१.२ विद्यालयले अनुसुची २ अनुसार एकमुष्ठ अनुदान प्राप्त गर्नको लागि विदेह नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा विवरण पेश गर्नु पर्ने छ।

६.१.३ विद्यालयले अनुसुची ३ अनुसारको कार्यसम्पादनमा आधारित अनुदान प्राप्त गर्नको लागि



CS CamScanner

विदेह नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा विवरण पेश गर्नु पर्ने छ। उपयुक्तानुसारको ससर्त अनुदान, एकमुष्ठ अनुदान, र कार्यसम्पादनमा आधारित अनुदान माग गर्नको लागि अनुसुची ४ बमोजिमको फारम प्रयोग गर्नुपर्नेछ।

६.१.४ विद्यालय मर्मत तथा सम्भार अनुदान निकासाको लागि अनुसुची ४ अनुसारको शर्तहरु सहित विवरण पेश गर्नुपर्नेछ।

६.२ **शिक्षा शाखाले मूल्यांकन गर्ने:** विद्यालयले स्वमूल्यांकन गरी पेश गरेकव फारम स्थलगत रुपमा आवश्यक कागजात समेत हेरी प्रमाणिकरण गरी शिक्षा अधिकृत/शिक्षा संयोजक/शिक्षा शाखा प्रमुख मार्फत नगर शिक्षा समितिमा पेश गर्नु पर्नेछ।

६.३ **नगरशिक्षा समितिले मूल्यांकन गर्ने:** शिक्षा शाखाबाट प्रमाणिकरण भई प्राप्त भएका विद्यालयको स्वमूल्यांकन फारमलाई नगर शिक्षा समितिले मूल्यांकन गरी औचित्यता तथा केही विद्यालयको नमुना अवलोकन समेत गरी प्रमुख प्रशासकिय अधिकृत समक्ष अनुदान निकासाका लागि सिपारिस गर्नुपर्नेछ।

६.४ **अनुदान निकासा दिने:** नगर शिक्षा समितिले गरेको सिफारिसका आधारमा प्रमुख प्रशासकिय अधिकृतले अनुदानको शिर्षक खोली सम्बन्धित विद्यालयको खातामा निकासा गर्नुपर्नेछ।

६.५ **विद्यालय मर्मत तथा सम्भार अनुदान:** विद्यालय मर्मत तथा सम्भार अनुदान निकासाको हकमा नगर शिक्षा समितिले गरेको सिफारिसको आधारमा प्रमुख प्रशासकिय अधिकृतले सम्बन्धित विद्यालयको खातामा एकमुष्ठ रकम निकासा दिनुपर्नेछ।

६.६ **अनुदान खर्च गर्ने**

६.६.१ विद्यालयले प्राप्त गरेको ससर्त अनुदान तथा एकमुष्ठ अनुदानको रकम विद्यालयलयले सम्बन्धित शिर्षकमा मात्र खर्च गर्नुपर्नेछ।

६.६.२ विद्यालयले निश्चित सूचकको आधारमा प्राप्त गरेको कार्यसम्पादनमा आधारित अनुदानको रकम विद्यालयको शिक्षण सिकाई, शिक्षण सामग्री तथा विद्यालयको विकासमा खर्च गर्नुपर्नेछ। यस्तो अनुदान विद्यालय मर्मत तथा सम्भार अनुदान वाहेक विद्यालयको भौतिक पुर्वाधार विकासकोलागि खर्च गर्न पाइने छैन।

६.६.३ **विद्यालयमा प्राप्त प्रत्येक शिर्षकको अनुदानको खर्चको वेग्ला:** वेग्लै त्रैमासिक/चौमासिक प्रगति प्रतिवेदन विदेह नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ।

## परिच्छेद - ६
## विभिन्न निकायको भुमिका

७. **विद्यालय अनुदान व्यवस्थापन:** विद्यालयमा निकासा हुने अनुदानको प्रभावकारी एवम दक्षतापूर्ण उपयोगको लागि विभिन्न निकायको दायित्व देहायअनुसारको हुनेछ।



CamScanner

**७.१ नगर कार्यपालिका**

क) यस कार्यबिधि अनुसार विद्यालयले पाउने अनुदान रकम निर्धारण तथा विद्यालयमा प्रवाह गर्ने प्रबन्ध मिलाउने ।

ख) विद्यालयले प्राप्त गर्ने अनुदान सम्बन्धमा नगरपालिकाको शिक्षा शाखा लाई आवश्यक समन्वय र मार्गदर्शन गर्ने ।

ग) विद्यालय अनुदान व्यवस्थापनलाई प्रभावकारी बनाउन नगरपालिका तथा विद्यालय स्तरको क्षमता अभिवृद्धिमा सहजीकरण गर्ने ।

घ) यस कार्यबिधिमा उल्लेखित अनुसुचीहरुमा उल्लेख गरिएका विद्यालय अनुदान सम्बन्धि व्यवस्था प्रचलित नियमानुसार परिमार्जन गर्ने ।

**७.२ नगरपालिकाको शिक्षा शाखा:**

क) यस कार्यबिधि बमोजिम अनुदान प्राप्त गर्ने विद्यालय तथा विद्यार्थीको विवरण अध्याबधिक गर्ने,

ख) विद्यालयले प्राप्त गर्ने अनुदानको एकिन गर्ने,

ग) विद्यालयमा निकासा हुने अनुदान समयमै निकासाको लागि सिफारिस गर्ने,

घ) विद्यालयमा निकासा हुने अनुदान तथा खर्च गर्ने आधारहरु विद्यालयलाई उपलब्ध गराउने र सो को सार्वजनिक गरी सरोकारवालाहरुलाई सुचित/जानकारी गर्ने,

ङ) निकासा भएको अनुदान तोकिएको कार्यमा तोकिएबमोजिम उपयोग भएको छ छैन सो को अनुगमन गरी नियमित रुपमा सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्ने ।

**७.३ नगर शिक्षा समिति:**

क) विद्यालयमा शिक्षण सिकाईको सुपरीवेक्षणका अतिरिक्त विद्यालयमा निकासा हुने अनुदान रकम तोकिएको क्रियाकलापमा उपयोग भएको छ छैन सो को अनुगमन गर्ने,

ख) विद्यालयले माग गरेको अनुदान, एकमुष्ठ अनुदान, कार्यसम्पादनमा आधारित अनुदान, विद्यालय मर्मत तथा सम्भार अनुदान लगायतका अनुदानका लागि विद्यालयको तथ्यांङ्कका आधारमा रुजु गरी सिफारिस सहित नगरपालिकाको शिक्षा शाखा प्रमुख समक्ष पेश गर्ने जिम्मेवारी नगर शिक्षा समितिको हुनेछ ।

**७.४ विद्यालय व्यवस्थापन समिति:**

क) विद्यालय सञ्चालनका लागि आवश्यक स्रोत जुटाउने तथा परिचालन गर्ने,

ख) विद्यालयको वार्षिक योजना अनुरुप सञ्चालन हुने क्रियाकलापहरुको नियमित अनुगमन तथा मूल्यांङ्कन गर्ने,

ग) नियमालीमा तोकिएको ढांचामा लेखा राखी नियमित लेखापरिक्षण गराउने ।

**७.५ शिक्षक अभिभावक संघ:** विद्यालयले वार्षिक रुपमा कार्यान्वयन गरेको प्रभावकारीता



CamScanner

अभिवृद्धिगर्नुको साथै प्राप्त अनुदानको सदुपयोगको लागि सामाजिक परीक्षण गर्ने दायित्व शिक्षक अभिभावक संघको हुनेछ ।

७.६ **प्रधानाध्यापक:**

क) विद्यालयको वार्षिक योजना तयार गर्ने,

ख) विद्यालयको वार्षिक योजना तथा अनिवार्य दायित्व अन्तर्गतका ससर्त, एकमुष्ठ, कार्यसम्पादनमा आधारित लगायत विद्यालय मर्मत तथा सम्भार अनुदान आवश्यक कागजात सहित माग गर्ने ।

ग) विद्यालयलाई प्राप्त अनुदान रकम आफ्नो वार्षिक योजना अनुसार तोकिएका कार्यक्रममा खर्च गर्ने,

घ) विद्यालयको सबै आर्थिक कारोवारको नियमावलीले तोकिएको ढांचामा लेखा राख्ने,

ङ) वार्षिक रुपमा सामाजिक परीक्षण तथा लेखापरीक्षण गराउने र नियमित रुपमा नगर कार्यपालिकाको कार्यालयमा प्रतिवेदन बुझाउने दायित्व विद्यालयका प्रधानाध्यापकको हुनेछ ।

## परिच्छेद - ७
## विवध

८.१ **अनुसुची संसोधन गर्ने अधिकार:** यस कार्यबिधिमा रहेका अनुसुचीहरु कार्यपालिकाले स्वीकृत बजेट, कार्यक्रम, आवश्यकता र औचित्यताको आधारमा संशोधन गर्न सक्ने छन् ।

८.२ **अन्य:** यस कार्यबिधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि कार्यक्रमको प्रगतिको आधारमा नगर कार्यपालिकाले अनुदान रकम उपलब्ध गराउने छ । कार्यप्रगति नदेखिएका र समयमानै कार्यसम्पन्न नगर्ने विद्यालयलाई अनुदान रकम दिन नगरकार्यपालिका बाध्य हने छैन । यस नगरपालिका बाट एकमुष्ठ रुपमा प्राप्त गरेको अनुदानको सम्पुर्ण कार्य फर फारुक नभएसम्म त्यस्तो विद्यालयले त्यस्तो किसिमको अनुदान पुन: प्राप्त गर्न सकिने छैन । त्यसबाट सिर्जित परिस्थितिको सम्पुर्ण जिम्मेवार सम्बन्धित विद्यालय हुनेछ ।



CamScanner

## अनुसुची - १

## ससर्त अनुदान

यस किसिमको अनुदान नेपाल सरकारले स्वीकृत गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकाको आधारमा सञ्चालन हुनेछ ।

## अनुसुची - २

यस किसिकमको अनुदान नेपाल सरकारले तोकेकोमा सोही वमोजिम र नगरपालिकाले तोकेका तपसिल अनुसार हुनेछ ।

२.१ विद्यालयमा सिकाई वातावरण सुधारका लागि अनुदान, विद्यालय सुधार योजना SIPमा आधारित अनुदान



CamScanner

| विद्यालयको प्रकार /कार्यक्रम | अनुदान |
|---|---|
| हालसम्म वालविकास कक्षा सञ्चालन नभएका विद्यालयलाइ वालविकास कक्षा स्थापना तथा सञ्चालन अनुदान | |
| वालविकास कक्षा सञ्चालन भएका विद्यालयलाई वालविकास सहजकर्ताको लागि नगरपालिका बाट थप अनुदान | |
| कक्षा १-५ सञ्चालन भएका र एउटा पनि शिक्षक अनुदान नपाएका/शिक्षक संख्या कम भएका विद्यालयलाई थप शिक्षक अनुदान | |
| कक्षा १-५ सञ्चालन भएका उच्च विद्यार्थी संख्या भएका तर १ मात्र दरबन्दी रहेका विद्यालयलाइ थप शिक्षक अनुदान | |
| कक्षा १-८ सञ्चालन भएका र एउटा पनि नि.मा.शि. शिक्षक अनुदान नपाएका विद्यालयलाई शिक्षण सहयोग अनुदान | |
| कक्षा १-१० सञ्चालन भएका र एउटा पनि मा.शि. शिक्षक अनुदान नपाएका विद्यालयलाई शिक्षण सहयोग अनुदान | |
| प्राबिधिक धार सञ्चालन भएका विद्यालयलाई गुणस्तर अभिवृद्धिका लागि अनुदान | |
| आधारभुत तथा माध्यमिक विद्यालयहरुलाई विद्यालय मर्मत तथा सम्भार अनुदान | |
| नगरपालिका अन्तर्गतको विद्यालयहरुमा कार्यरत नगर शिक्षकहरुको तलब तथा भत्ता अनुदान | मा.वि.तहको नगर शिक्षकको मासिक पारीश्रमिक रु ३०३००, नि.मा.वि.तहको नगर शिक्षकको र कम्पयुटर शिक्षकको मासिक पारीश्रमिक रु २४०००,प्रा.वि.तहको नगर शिक्षकको मासिक पारीश्रमिक रु २२८००,वालविकास नगर शिक्षकको मासिक पारीश्रमिक रु १५०००, |

# अनुसुची — ३

## कार्यसम्पादन मूल्यांङ्कन फारम

### १. कार्यसम्पादन मूल्यांङ्कन फारम

| क्षेत्र | कार्यसम्पादन सुचक | विद्यालय को स्वमूल्यांङ्कन | विद्यालय निरीक्षक वा शिक्षा शाखाको मूल्याङ्कन | नगर शिक्षा समितिवाट प्रमणिकरण गरिएको प्राप्ताङ्क | अङ्क दिने आधार | अङ्कभार |
|---|---|---|---|---|---|---|
| विद्यालयल व्यवस्थापन (१३ अङ्क ) | विद्यालय व्यवस्थापन समिति गठन,वैठक तथा निर्णय कार्यान्वयन | | | | शिक्षा नियमावली अनुसार वि.व्य.स. को गठन भएको भए १, वैठककव १ तथा निर्णय कार्यान्वयन वापत २ अङ्क | ४ अङ्क |
| | शिक्षक अभिभावक संघको गठन,वैठक तथा निर्णय कार्यान्वयन | | | | शिक्षक अभिभावक संघको गठन भएको भए १ अङ्क वैठक १ तथा निर्णय कार्यान्वयन वापत १ अङ्क | ३ अङ्क |
| | वाल क्लवको गठन तथा परिचालन | | | | वाल क्लवको गठन १ तथा परिचालन वापत १ अङ्क | २ अङ्क |
| | अभिभावक भेला र सुझाव कार्यान्वयन | | | | अभिभावक भेला १ र सुझाव कार्यान्वयन वापत १ अङ्क | २ अङ्क |
| | विद्यालय सुधार योजना कार्यान्वयनका लागि स्थानीय निकाय, सङ्घसंस्थाहरु सँगको सहकार्य | | | | विद्यालय सुधार योजना कार्यान्वयनका लागि स्थानीय निकाय, सङ्घसंस्थाहरु सँग सम्झौता गरी सहकार्य गरेको भए १ अङ्क र प्रगति अभिलेखीकरणगरेको भए १ अङ्क | २ अङ्क |
| विद्यालयको वार्षिक शैक्षिक योजना (५ अङ्क ) | वार्षिक कार्ययोजनाको निर्माण तथा कार्यान्वयन | | | | वार्षिक कार्ययोजना निर्माण भएको भए १ तथा कार्यान्वयन भएकमा २ अङ्क | ३ अङ्क<br>३ अङ्क |
| | वार्षिक शैक्षणिक योजनाको निर्माण तथा कार्यान्वयन | | | | प्रत्येक शिक्षकले वार्षिक शैक्षिक योजनाको निर्माण गरेको भए १ अङ्क तथा कार्यान्वयन भएमा १ अङ्क | २ अङ्क |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विद्यालय सुधार योजना (५ अङ्क) | विद्यालय सुधार योजनाको निर्मान र वार्षिक अद्यावधिकरण | | | | विद्यालय सुधार योजनो निर्माण भएको भए २ अङ्क, वार्षिक अद्यावधिकरण भएको भए १ अङ्क | ३ अङ्क |
| | विद्यालय सुधार योजनाको आधारमा वार्षिक विद्यालय कार्य योजनाको निर्माण र कार्यान्वयन | | | | विद्यालय सुधार योजनाको आधारमा वार्षिक विद्यालय सुधार योजनाको नपर्माण भएको भए १ अङ्क र कार्यान्वयन भएमा १ अङ्क | २ अङ्क |
| सुशासन र पारदर्शिता (१४ अङ्क) | क)नियमित रुपमा सामाजिक परिक्षण गरी प्रतिवेदन बुझाएको | | | | सामाजिक परीक्षण गरी प्रतिवेदन बुझाएमा ५ अङ्क | ५ अङ्क |
| | ख)नियमित रुपमा लेखा परीक्षण गरी प्रतिवेदन बुझाएको | | | | लेखा परीक्षण प्रतिवेदन बुझाएमा ३ अङ्क | ३ अङ्क |
| | ग)सुचना पाटीको व्यवस्था र प्रयोग | | | | सूचना पाटीको व्यवस्था भएको भए १ अङ्क र त्यसको प्रयोग भएको भए थप १ अङ्क | २ अङ्क |
| | घ)चौमासिक प्रतिवेदन सम्प्रेषण | | | | चौमासिक प्रतिवेदन सम्प्रेषण वापत २ अङ्क | २ अङ्क |
| | विद्यार्थी,शिक्षक आचारसंहिता निर्माण र प्रयोग | | | | विद्यार्थी आचार संहिता निर्माण र प्रयोग १ अङ्क र शिक्षक आचार संहिता निर्माण र प्रयोग १ अङ्क | २ अङ्क |
| न्यूनतम सिकाई वातावरण (११ अङ्क) | क)कक्षागत बुककर्नरको व्यवस्था | | | | सबै कक्षामा बुक कर्नर्कोव्यवस्था भएमा १ अङ्क | १ अङ्क |
| | ख)शिक्षण समय तालिका अनुसार शिक्षकको व्यवस्थापन | | | | शिक्षण समय तालिका अनुसार शिक्षकको व्यवस्थापन भएमा (साप्ताहिक कार्यतालिका रुटिन) १ अङ्क | १ अङ्क |
| | ग)सबै विद्यार्थीहरुलाई सेटमा पाठ्यपुस्तकको उपलब्धता | | | | सबै विद्यार्थिहरलाई शिक्षा नियमावलीले तोकेको समयसिमा भित्र सेट्मा पाठ्यपुस्तकको उपलब्धता भएमा २ अङ्क | २ अङ्क |
| | घ)पाठ्यक्रमले निर्धारि गरेको उदेश्य पुरा हुने गरी अतिरिक्त क्रियाकलापको सञ्चालन | | | | अतिरिक्त क्रियाकलाप सञ्चालनकव योजनाका लागि १ अङ्क र अभिलेखिकरण भएको भए थप १ अङ्क | २ अङ्क |
| | शैक्षिक सामग्रीको उपलब्धता र प्रयोग | | | | शैक्षिक सामग्रीको उपलब्धता १ र प्रयोग १ अङ्क | २ अङ्क |
| | च)विशेष आवश्यकता भएका बालबालिकाहरुको लागि विद्यालयमा पहुँच र सिकाई वातावरणको समुचित व्यवस्था | | | | शिक्षा तथा मानव श्रोत विकास केन्द्रले तोकेको मापदण्ड अनुसार आवश्यकता भएका | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | वालवालिकाहरुको लागि विद्यालयमा पहुच र सिकाई वातावरणको समुचित व्यवस्थापन १ अङ्क | १ अङ्क |
| | छ) लैङ्गिकमैत्री, वालमैत्री वातावरणको विकास | | | | शिक्षा तथा मानव स्रोत विकास केन्द्रको न्युनतम मापदण्ड अनुसार लैङ्गिकमैत्री, वालमैत्री वातावरणको विकासका लागि २ अङ्क | २ अङ्क |
| शिक्षण सिकाई समय परिपालना ( ३ अङ्क ) | क) विद्यालय खुलेको दिन | | | | शिक्षा नियमावलीमा तवकिए अनुसार विद्यालय खुलेको दिनको अभिलेखिकरण विद्यार्थी हाजिर पुस्तिकामा अद्यावधिक भएमा १ अङ्क | १ अङ्क |
| | ख) शिक्षण सिकाई क्रियाकलाप सञ्चालन भएको दिन | | | | शिक्षा नियमावलिमा तोकिए अनुसार शिक्षण सिकाई क्रियाकलापको अभिलेखिकरण विद्यार्थी हाजिर पुस्तिकामा अद्यावधिक भएमा २ अङ्क | २ अङ्क |
| विद्यार्थी मूल्यांकन तथा सिकाई उपलब्धि विकास योजना (१९ अङ्क ) | क) पाठ्यक्रमले तोके अनुसार आवधिक परीक्षा सञ्चालन र विद्यार्थीलाई लिखित पृष्ठपोषण गरेको | | | | पाठ्यक्रमले तवकेको अनुसार आवधिक परीक्षा सञ्चालन र विद्यार्थीलाई लिखित पृष्ठपोषण गरेमा २ अङ्क | २ अङ्क |
| | ख) निरन्तर विद्यार्थी मुल्यांकन, आवधिक परीक्षाको पृष्ठपोषण सहित उपचारात्मक शिक्षण गरेको | | | | निरन्तर विद्यार्थी मूल्यांकन ३ अङ्क, आवधिक परीषाकव लिखित पृष्ठपोषण सहित उपचारात्मक शिक्षण गरेमा २ अङ्क | ५ अङ्क |
| | ग) प्रत्येक शिक्षकले विषयगत सिकाई उपलव्धि विश्लेषण र अभिवृद्धि योजना तयारी र कार्यान्वयन | | | | विषयगत सिकाइ उपलव्धि विश्लेशन १, अभिवृद्धि योजना १,र (शिक्षक) योजना अनुसार वृद्धि भएकव देखिएमा १ अङ्क | ३ अङ्क |
| | घ) विद्यालयको समग्र सिकाई उपलव्धि विश्लेषण र अभिवृद्धि योजना तयारी र कार्यान्वयन | | | | विद्यालयकव समग्र सिकाइ उपलव्धि विश्लेषण १, अभिवृद्धि योजना १, र योजना अनुसार अभिवृद्धि भएको देखिएमा १ अङ्क | ३ अङ्क |
| | ङ) विद्यालयको औसत सिकाई उपलव्धि | | | | नगरपालिकाको औसत सिकाइ उपलव्धि भन्दा वढी भएमा ४ अङ्क | ४ अङ्क |
| | च) विद्यालयले तयार गरेको प्रक्षेपित सिकाई उपलव्धि अभिवृद्धि योजनाका आधारमा न्युनतम पचास प्रतिशत भन्दा वढी भएको | | | | सिकाइ अभिवृद्धि योजनाको आधारमा न्यूनतम पचार प्रतिशत भन्दा वढी वृद्धि भएको भए २ अङ्क | २ अङ्क |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विद्यालयको आन्तरिक सक्षमताको अवस्था (१३ अङ्क ) | क) सेवा क्षेत्र भित्र विद्यालय जाने उमेर समुहका बालबालिकाहरु विद्यालय बाहिर रहेको नरहेको | | | | सेवा क्षेत्रभित्र विद्यालय जाने उमेर समुहका (कक्षा १ मा ) बालबालिकाहरु विद्यालय बाहिर नरहेको अभिलेख सहित एकिन भएमा ४ अङ्क | ४ अङ्क |
| | ख) विद्यालयमा विद्यार्थी टिकाउ औसत प्रतिशत | | | | विद्यार्थीको टिकाउ राष्ट्रिय औसत भन्दा माथि रहेमा ५ अङ्क, | ५ अङ्क |
| | ग) विद्यार्थीको कक्षा छाड्ने दर | | | | विद्यार्थीकव कक्षा छाड्ने दर शून्य भएमा ४ , राष्ट्रिय औषत भन्दा कम रहेमा २ अङ्क | ४ अङ्क |
| भौतिक बातारण (११ अङ्क ) | क)शिक्षा नियमावलिमा तोकिएको मापदण्ड अनुसार विद्यार्थी सङ्ख्याको आधारमा फर्निचर तथा कक्षाकोठाको व्यवस्थापन | | | | शिक्षा नियमावलीमा तोकिएको मापदण्ड अनुसार विद्यार्थी सङ्खयाको आधारमा फर्निचर तथा कक्षाकोठाको व्यवस्थापन ३ अङ्क | ३ अङ्क |
| | ख) विद्यालयको खानेपानी तथा पानीसहितको छात्रछात्रालाई अलग्गै शौचालयको व्यवस्था र WASH को सुविधा | | | | विद्यालयको खानेपानी १ तथा पानी सहितको छात्रछात्राहरुका लागि अलग्गै शौचालयकव व्यवस्था २र WASH को व्यवस्था भएमा १ अङ्क | ४ अङ्क |
| | ग) विद्यालयमा खेलमैदान, घेराबेराको व्यवस्था | | | | विद्यालयमा खेल मैदान र घेरावेराकव व्यवस्था भएमा १ अङ्क | १ अङ्क |
| | घ) विद्यालयमा अध्ययन व्यवसथाकोसहितको पुस्तकालय | | | | विद्यालयको अध्ययन व्यवस्थासहितको पुस्तकालय व्यवस्था भएमा १ अङ्क | १ अङ्क |
| | ङ) विज्ञन प्रयोगशालाको व्यवस्था | | | | विज्ञान प्रयोगशालाको व्यवस्था भएमा १ अङ्क | १ अङ्क |
| | च) सुरक्षित विद्यालय बातावरण | | | | भुकम्प प्रतिरवधी भवन, विपद् व्यवस्थापन पूर्व तयारी योजना र अभ्यास १ अङ्क | १ अङ्क |
| शैक्षिक सुचना तथा प्रविधिको प्रयोगको अवस्था (६ अङ्क ) | क) विद्यलयमा सुचना तथा प्रविधिका साधनहरुको उपलब्धता | | | | कम्प्युटर, ल्यापटप, प्रिन्टर, प्रोजेक्टर, इन्टरनेटको उपलब्धता भएमा २ अङ्क | २ अङ्क |
| | ख) व्यवस्यापकीय कार्यमा सुचना तथा प्रविधिको प्रयोग | | | | व्यवस्यापकिय कार्यमा सूचना तथा प्रविधिको प्रयोग १ अङ्क | १ अङ्क |
| | ग) शिक्षण सिकाई कियाकलापमा सुचना तथा प्विधिको प्रयोग | | | | शिक्षण सिकाइ कियाकलापमा सूचना तथा प्रविधिको प्रयोग ३ अङ्क | ३ अङ्क |

नोट:-

१. कार्यसम्पादन अनुदान प्राप्त गर्नका लागि विद्यालयले माथि उल्लिखित सूचकहरमा विद्यालय व्यवस्थापन समितिको गठन, सामाजिक परीक्षण, विद्यालय सुधार योजना, वार्षिक अद्यावधिकरण, सेटमा पाठ्यपुस्तकको उपलब्धता, लेखा परीक्षण, त्रैमासिक/चौमासिक प्रतिवेदन सम्प्रेषण, शिक्षकको उपस्थिति र विद्यालयको वार्षिक शैक्षिक योजना निर्माण र कार्यान्वयनमा तोकिएकव अङ्क सहित ५० अङ्क ल्याएकै हुनुपर्ने छ।

२. विद्यालयले प्राप्त गरेको अङ्कको आधारमा आधारभुत तहको विद्यालयहरुले बढीमा २ लाख सम्म तथा माध्यमिक तहको विद्याललले बढिमा पाच लाख सम्म प्रोत्साहन अनुदान प्राप्त गर्नेछन्।

# अनुसुची - ४

## अनुदान माग फारम

क) शिक्षक तथा कर्मचारीहरुको तलब सम्बन्धि पारमहरु

विद्यालयको नाम:-

ठेगाना:-

रकम जम्मा हुने बैंक

खाता नं.

| | |
|---|---|
| वार्षिक स्वीकृत रु | |
| हालसम्म निकासा भएको रु | |
| हाल निकासा माग गरिएको रु | |
| यो माग फारम सम्मको कुल निकासा रु | |
| निकासा हुन बांकी रु | |

| सि.न. | नाम | पद | तह | श्रेणी | किसिम/स्थायी/अस्थायी/राहत | तलब स्केल | ग्रेड | जम्मा | महगी भत्ता | प्र.अ. भत्ता | स्थानीय भत्ता | प्रविधिक भत्ता | चाडपर्व खर्च/पोषाक | जम्मा ७देखि ११ को जोड | क.स.कोष थप | विमा थप | अन्य | कुल जम्मा १२ देखि १५ को जोड | कियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |

विद्यालयको छाप    तयार गर्नेको सही    प्र.अ.को नाम र सही

ख) नगर शिक्षकको तलब निकासाको लागि

विद्यालयको नामः-

| सि.न. | शिक्षकको नाम | पद | तह | तलब स्केल | त्रैमासिक/चौमासिक रकम | पोषाक/चाडपर्व खर्च | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |

ग) आधारभुत तथा एकमुष्ठ अनुदान माग फारम

विद्यालयको नामः-

| क.स. | अनुदान शिर्षक | इकाइ | संख्या | दर | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | पाठ्यपुस्तक | | | | |
| १.१ | आधारभुत (कक्षा १ – ५ ) | | | | |
| १.२ | आधारभुत (कक्षा ६ – ८ ) | | | | |
| १.३ | माध्यमिक (कक्षा ९ – १० ) | | | | |
| १.४ | माध्यमिक (कक्षा ११ – १२ ) | | | | |
| २ | छात्रवृति | | | | |
| २.१ | गैर आवासिय | | | | |
| २.१.१ | दलित | | | | |
| २.१.२ | छत्रा कर्णाली बाहेक | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २.१.३ | शहिदको छोराछोरी | | | | |
| २.१.४ | द्वन्द पिडित | | | | |
| २.१.५ | अपाङ्ग आधारभुत तह | | | | |
| २.१.६ | अपाङ्ग माध्यमिक तह | | | | |
| २.१.७ | मुक्त कम्लहरी | | | | |
| २.१.८ | अति गरीब लक्षित समुह | | | | |
| २.१.९ | विज्ञान छात्रवृति कक्षा ११ र १२ | | | | |
| २.२ | आवासिय | | | | |
| २.२.१ | अपाङ्ग | | | | |
| २.२.२ | नमुना विद्यालय | | | | |
| ३ | विद्यालय सञ्चालन खर्च | | | | |
| ४ | भौतिक सुविधा विस्तार कार्यक्रम | | | | |
| ४.१ | नयां कक्षा कोठा | | | | |
| | प्रयोगशाला | | | | |
| | पुस्तकालय | | | | |
| ४.४ | कम्प्युटर ल्याव | | | | |
| | कम्पाउण्ड वाल | | | | |
| ४.६ | WASH सुविधा सहतको शौचालय | | | | |
| | नमुना विद्यालय भवन | | | | |
| ५ | सिकाइ वातावरण सुधारको लागि अनुदान | | | | |
| ६ | कुनै पनि तहमा शिक्षक तथा कर्मचारी अनुदान नपानउने विद्यालयका लागि एकमुष्ठ अनुदान | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | प्रबिधिक तथा विज्ञान विषय अध्ययापन गराउने विद्यालयका ललागि अनुदान | | | | |
| ८ | कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययापन गराउने विद्यालयका लागवि अनुदान | | | | |
| ९ | कक्षा ९ देखि १२ सम्म कम्प्युटर विषय अध्यापन गराउने विद्यालयका लागि अनुदान | | | | |
| १० | प्राविधिक धार कक्षा ९ देखि १२ सम्म सञ्चालन गरिरहेका विद्यालयका लागि अनुदान | | | | |
| ११ | नमुना विद्यालयलाई प्रवर्धनात्मक कार्यसञ्चालनका लागि अनुदान | | | | |
| १२ | एकजना मात्र शिक्षक भएका तथा बहुकक्षा बहुस्तरमा आधारित शिक्षण सिकाइ गर्ने विद्यालयलाई व्यवस्थापन अनुदान | | | | |
| १३ | बहुभाषिक विद्यालयका लागि थप अनुदान | | | | |
| १४ | विद्यालय मर्मत तथा सम्भार एकमुष्ठ अनुदान | | | | |

प्रधानाध्यापकको नाम र सही



CS CamScanner

अनुसुची - ५

विद्यालय मर्मत तथा सम्भार अनुदान निकसाको लागि गरिने सम्झौता

## विद्यालय मर्मत तथासम्भार सम्बन्धि सम्झौता तथा शर्तहरु

आज मिति ........................ गतेका दिन नेपाल सरकार, नगरकार्यपालिकाको कार्यालय, विदेह नगरपालिका जसलाइ पहलो पक्ष भनिनेछ ) र ..............................................(जसलाइ दोस्रो पक्ष भनिनेछ बिच ) "............................................... कार्यक्रम" अन्तर्गत ...............................................................मा दुइकोठे/चारकोठे/फर्निचर/ल्याब/प्रयोगशाला/खेल मैदान/शौचालय/........................को मर्मत तथा सम्भार कार्य सम्पन्न गर्नको लागि समितिको सहभागितामा कन्टिजेन्सी सहित रु ........................(अक्षरेपी रु .......................................)को लागतमा मर्मत तथा सम्भार सम्बन्धी सम्पूर्ण कार्य गर्न यो सम्झौता गरिएको छ । तपाइले सम्पूर्ण कार्यहरु मिति .................................. गते भित्र सम्पन्न गर्नु पर्ने छ ।

शर्तहरु:

१. विदेह नगरपालिका नगर कार्यपालिकाको कार्यालय द्वारा तयार पारीएको Design, Drawing, Specification तथा प्राविधिकको निर्देशनबमोजिमलागत ईस्टिमेट, Design, Drawing, Specification अनुसा को कार्य गर्नु पर्नेछ ।

२. काबु वाहिरको परिस्थतीवामुनासिबकारण देखाएमामात्रनियमानुसार म्यादथपगर्न सकिनेछ ।

३. दिइएको थपम्यादभित्रपनिकार्य सम्पन्ननभएमा सम्फौतातोडी आर्थिक ऐन नियमअनुसार अन्य व्यवस्थाबाट कार्य सम्पन्न गराईनेछ ।

४. उपरोक्तकार्य गराउंदालाग्ने कर, दस्तुर आदिनियमानुसार विद्यालयले कट्टा गरी अन्ति भुक्तानगर्नु पर्नेछ ।

५.विद्यालयले भौतिकनिर्माण कार्य गर्दा खरीददिगदर्शन, सार्वजनिक खरीद ऐण तथा सार्वजनिक खरीदनियमावली र विद्यालय खरीददिग्दर्शन भित्र रहि निमार्ण कार्य गर्नु पर्नेछ ।

६. उक्तकार्य गराउंदाकुनै प्रकारको दुर्घटना वाश्रमिक घाईते भएमावाअन्य किसिमबाट क्षतिभएमात्यसको जिम्मेबारी विद्यालयको हुनेछ ।

७. उपरोक्त कार्यको लेखाविद्यालयले सुरक्षित राखि लेखा परीक्षण समेत विद्यालयले गराउनु पर्नेछ ।

८. यस शर्तमानपरेका कुराहरु नगरपालिकाले दिएको निर्देशनतथा सार्वजनिकखरिद ऐन नियमावलीतथा नेपाल सरकारको प्रचलित ऐन नियमअनुसार हुनेछ ।

९. नगरपालिकाको प्राबिधिकले भवन निर्माणको लागि तयार पारेको लागत इस्टिमेट अनुसारको भवन निर्माणको लागि नपुग भएको रकम नगरपालिकाले व्यहोर्नेछ ।

हस्ताक्षर गर्ने :

*विद्यालय (दोस्रो पक्ष) को तर्फबाट :*
नाम :
पद :
दस्तखत : ....................
मिति :

*कार्यालयको(पहिलो पक्ष) को तर्फबाट :*
नाम :
पद :
दस्तखत : ....................
मिति :

साक्षी :

*विद्यालय (दोस्रो पक्ष) तर्फबाट :*
नाम : ....................
पद : ....................
दस्तखत : ....................
मिति :

*कार्यालयको(पहिलो पक्ष) तर्फबाट :*
नाम :
पद :
दस्तखत : ....................
मिति :



CamScanner